प्रतिदिन १७ औं वार्षिकोत्सव

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**प्राविधिक शिक्षा र व्यावसायिक तालिम प्राप्त गरौं ।**

- इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कम्प्युटर अपरेटिङ्ग, सिलाई-कटाई, मोबाइल मर्मत, कुकिंग एण्ड हस्पिटालिटी, कृषि, तथा पशुपालन जस्ता प्राविधिक ज्ञान प्राप्त गरौं ।
- स्वरोजगार बनौं,
- कम लागतमा उच्च परिणाम हासिल गरौं,
- आत्मनिर्भर र उद्यमशील बनौं,
- देशमै रोजगारीको अवसर प्राप्त गरौं,
- "जीवनस्तरमा सुधार गरौं "

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १२९ ॥ २०८२ असार ०४ गते बुधबार (18th June 2025 Wednesday) Pratidin National Daily मूल्य-रु.५/-

## कोशीका सहकारी मन्त्री हाङगामको दादागिरी
# पाथिभरा समितिका अध्यक्ष थेबेलाई पिटे

झापा(प्रस)। पटक पटक विवादमा पर्दै आएका कोशी प्रदेश सरकारका कृषि उद्योग तथा सहकारी मन्त्री खगेनसिंह हाङगामले पाथिभरा क्षेत्र विकास समिति ताप्लेजुङका अध्यक्ष रक्की थेबेलाई कुटपिट गरेका छन् । मंगलवार साँझ ताप्लेजुङ सदरमुकाम फुङलिङमा मन्त्री हाङगामले अध्यक्ष थेबेलाई कुटपिट गरेका हुन् ।
साँझ ७:४५ बजे फुङलिङ -४ दोबाटोमा रहेको कारबु क्याफेबाट मन्त्री हाङगाम कफी खाई निस्कने क्रममा पाथिभरा क्षेत्र विकास समितिका अध्यक्ष थेबेसंग अचानक जम्काभेट भएको थियो । त्यसक्रममा आन्तरिक विषयलाई लिएर ताप्लेजुङ प्रदेश १ ख को कांग्रेस सांसदसमेत रहेका हाङगामले थेबेलाई कुटपिट गरेका हुन् ।
कुटपिटबाट कोही पनि घाइते नभएको र दुबै जना आ-आफ्नो गन्तब्यतर्फ लागेको अस्थायी प्रहरी पोष्ट डाँडाटोलले जनाएको



छ । उक्त स्थानमा जिल्ला प्रहरी कार्यालय ताप्लेजुङबाट प्रहरी निरीक्षकको कमाण्डमा टोली खटिएर थप बुझ्ने कार्य भइरहेको जनाइएको छ । २०८४ को निर्वाचनमा संघीय सांसदको उम्मेद्वार बन्न लागेका हाङगामले आफूविरुद्ध गलत प्रचार गरेको भन्दै थेबेलाई चार मुक्का हानेको बताइएको छ । मन्त्री हाङगामले यसअघि पनि दादागिरी देखाएका थिए । जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका तत्कालीन प्रमुख र हाल जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक राजन लिम्बू र उनको परिवारलाई उडाइदिने मन्त्री हाङगामले धम्की दिएका थिए ।
ताप्लेजुङका तत्कालीन प्रहरी प्रमुख रहेका प्रहरी उपरीक्षक लिम्बू र उनको परिवारलाई लक्षित गरेर सार्वजनिक मञ्चबाटै ज्यान मार्ने धम्की दिएका थिए । २०८० साल भदौ २२ गतेको मेलामा भएको विवादका विषयमा दिएको उनले धम्की दिएका थिए ।
ताप्लेजुङको फुङलिङमा आयोजित मिनी मेलामा सांसद हाङगाम र त्यसबेलाका डीएसपी लिम्बूबीच भदौ २१ गते विवाद भएको थियो । विवादपछि त्यसको भोलिपल्ट हाङगामले फुङलिङमा कोणसभाको आयोजना गरेर डीएसपी लिम्बू र उनका परिवारलाई लक्षित गरी ज्यान मार्ने धम्की दिएका थिए ।
सांसदले ज्यान मार्ने धम्की दिएकामा प्रहरीले आपत्ति प्रकट गरेको थियो । प्रहरीले कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका तत्कालीन एसपी ऋषिराम कँडेलको नेतृत्वमा छानबिन समिति बनाएको थियो । हाङगामले डीएसपी र उनका परिवारको ज्यान लिने धम्की दिएको घटनाका विषयमा छानबिन भए पनि मिलापत्र गराइएको थियो । पहुँचका भरमा सो घटना मिलाएर उनले उन्मुक्ति पाएका थिए ।
सो घटनामा पनि कांग्रेसले हाङगामको बचाउ गरेको थियो ।

## तरकारीको ट्रकमा ७० बोरा गाँजा बरामद, तीन पक्राउ

झापा(प्रस)। धरानबाट इटहरीतर्फ ल्याउँदै गरेको ठूलो मात्रामा गाँजासहित मिनी ट्रक प्रहरीले पक्राउ गरेको छ।
गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको टोलीले सोमबार राति १:३० बजे इटहरी उपमहानगरपालिका-२० तरहरा नजिकै कोशी लोकमार्गमा धरानबाट इटहरीतर्फ आउँदै गरेको ना. ५ ख ६११६ नम्बरको सेतो रंगको मिनी ट्रक जाँच गर्दा गाँजा बरामद भएको हो। प्रहरीका अनुसार ट्रकमा ४८ बोरा बन्दाकोबी र १२ बोरा आलुले छोपेर लुकाइ राखिएको अवस्थामा ७० बोरा गाँजा (कुल २१०० केजी) फेला परेको छ। प्रहरीले तीन जनालाई समेत नियन्त्रणमा लिएको छ।
पक्राउ पर्नेमा ट्रक चालक धनकुटा सहिदभूमि गाउँपालिका-६ का ३२ वर्षीय राजेन्द्र राई, ट्रकमा सवार ३३ वर्षीय सुनिल राई र चेकिङका क्रममा शंकास्पद रूपमा आएका सुनसरी बराहक्षेत्र नगरपालिका-९ का ३४ वर्षीय सुमन राई छन्।हाल बरामद गाँजा, ट्रक र पक्राउ परेकाहरूलाई इलाका प्रहरी कार्यालय इटहरीमा ल्याएर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## नाबालिकालाई करणी गरी फरार लिम्बू पक्राउ



झापा(प्रस)। नाबालिकालाई जवर जस्ती करणी गरी फरार भएका झापा मेचीनगर ४ का ३० वर्षीय प्रेम लिम्बू पक्राउ परेका छन् । सोमवार बिहान ९ बजे मेचीनगर १० बजार क्षेत्रमा हिडडुल गरिरहेको अवस्थामा इलाका प्रहरी कार्यालय धुलाबारी र अस्थायी प्रहरी पोष्ट मंगलबारेको संयुक्त टोलीले उनलाई पक्राउ गरेको हो । उनलाई पक्राउ गरी इप्रका धुलाबारीमा राखिएको छ ।

जेठ २१ गते राति ९.३० बजे बुद्धशान्ति वडा न.४ मंगलबारेमा १६ वर्षीया नाबालिकालाई लिम्बूले ललाई फकाई जवरजस्ती करणी गरी फरार भएका थिए ।

## बाहुनडाँगीको हात्ती आतंक रोक्न सेना गुहारियो

मेचीनगर(प्रस) । पछिल्लो समय बाहुनडाँगीमा हुलका हुल आएका हात्तीले जनधनको क्षति गर्न थालेपछि नेपाली सेनालाई गुहारिएको छ । मेचीनगर नगरपालिकाको पहलमा सरोकारवाला निकायसँग बसेको बैठकले नेपाली सेनालाई सहयोगका लागि आग्रह गर्ने निर्णय गरेको हो । नगर प्रमुखको कार्यकक्षमा जिल्ला प्रशासन कार्यालय झापाको आयोजनामा बसेको बैठकले निरन्तर हात्तीले आएर क्षति गर्न थालेपछि अरिदमन गण चारआलीका नेपाली सेनालाई सहयोग गर्न अनुरोधसहित विभिन्न निर्णयहरु गरेको हो ।



प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीको अध्यक्षतामा बसेको छलफलमा कोशी प्रदेशका सांसद गोपाल तामाङ, मेचीनगर नगरपालिकाका प्रमुख गोपालचन्द्र बुढाथोकी, उपप्रमुख मीना पोखरेल उप्रेती, प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारी, अरिदमन गण चारआलीका गणपति प्राजु वस्न्यात , जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी राजन लिम्बू, सशस्त्र प्रहरी वल नेपाल २ नं.हेडक्वार्टरका गणपति तुलबहादुर भण्डारी, डिभिजन वन कार्यालय झापा प्रमुख भरतबाबु श्रेष्ठ, एनटीएनसी कोशीका प्रमुख वीरेन्द्र गौतम, मेचीनगर-१ का वडाध्यक्ष रामकुमार राई, २ का वडाध्यक्ष दिपक बराल, ४ का वडाध्यक्ष अर्जुनकुमार कार्की, मानव हात्ती द्वन्द्व व्यवस्थापन तथा वातावरण संरक्षक मञ्चका कार्यबाहक अध्यक्ष राजकुमार घिमिरे, पूर्व अध्यक्ष हरिप्रसाद उप्रेतीलगायतले हात्तीका समस्या, उपाय र समाधानका बारेमा घनिभूत छलफल गरेका थिए ।
छलफलमा अरिदमन गण चारआलीका गणपति वस्न्यातले निकुञ्जमा हात्ती धपाउन समस्या नरहेको बताए । उनले बाहुनडाँगी तथा झापा निकुञ्ज क्षेत्र नभएकोले के गर्न सकिन्छ भनेर उपल्लो तहमा कुरा गर्ने बताए ।
छलफलले विभिन्न पाँचवटा निर्णय गरेको छ ।
(१) हात्तीलाई धपाउने क्रममा स्थानीयबाट होहल्ला गर्दा हात्ती उत्तेजित भइ झन् धेरै क्षति गर्ने भएकाले हात्ती मानव द्वन्द्व कम गर्न नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, डिभिजन वन कार्यालय झापा, स्थानीय जानकार व्यक्तिहरुको संलग्नतामा हाती मानव द्वन्द्व न्यूनीकरण गर्न पहल गर्ने , तत्काल आवश्यक पर्ने इन्धन, टर्चलाइट लगायतका अत्यावश्यक सामग्री डिभिजन वन कार्यालय झापाले उपलब्ध गराउने र नपुग भएमा मेचीनगर नगरपालिकाले सहयोग गर्ने ।
(२) दीर्घकालीन रुपमा समस्या समाधानका लागि फेन्सिङ बत्ती प्रवन्ध, सडक मर्मत, तटबन्ध र जनचेतना जगाउन जरुरी हुने भएकाले फेन्सिङका लागि के कति बजेट आवश्यक हुन्छ ? डिभिजन वन कार्यालयले मेचीनगर नगरपालिका र मानव हात्ती द्वन्द्व ब्यबस्थापन तथा वातावरण संरक्षण मञ्च समेतसंग समन्वय गरी लागत अनुमान तयार गर्ने र स्रोतका लागि डिभिजन वन कार्यालयले प्राथमिकतामा राखी आवश्यक कार्य गर्ने , नपुग बजेटका लागि मेचीनगर नगरपालिका लगायतका निकायसंग समन्वय गर्ने , साथै एनटिएनसीले समेत उक्त विषयलाई गम्भीरतापूर्वक लिई फेन्सिङ र जनचेतनामुलक कार्यक्रमका लागि बजेट प्रवन्ध गर्ने ।

(३) ठुलो मात्रामा हात्ती आइरहने क्रम रहिरहेमा नेपाली सेनाले गर्न सक्ने सहयोगको बारेमा अरिदमन गणका गणपतिलाई आवश्यक सहयोग र समन्वयका लागि अनुरोध गर्ने ।
(४) ठाउँ-ठाउँमा तटबन्ध निर्माणबाट पनि हाती प्रवेशमा न्यूनीकरण गर्न मद्धत पुग्ने भएकाले जनताको तटबन्ध कार्यालयलाई तटबन्धको लागि जिल्ला प्रशासन कार्यालयले समन्वय गर्ने ।

(५) दीर्घकालीन समस्या समाधानका लागि आवश्यक बजेट प्रवन्ध गरिदिन वन तथा वातावरण मन्त्रालय तथा कोशी प्रदेश सरकारलाई नगरपालिका र जिल्ला प्रशासन कार्यालयमार्फत अनुरोध गर्ने , यस कार्यका लागि सम्बन्धित क्षेत्रबाट संघीय सांसद र कोशी प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसदलाई समेत पहलकदमीका लागि अनुरोध गर्ने ।
कार्यक्रमको सहजीकरण झापाका सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईले गरेका थिए ।

## स्वास्थ्य पर्यटकका लागि यस वर्ष पनि हेल्थ टुरिजम मार्ट




बिर्तामोड(प्रस)। दुई वर्षअघि स्वास्थ्य पर्यटन प्रवर्द्धनका लागि गरिएको पहिलो हेल्थ टुरिजम मार्टले सहयोग पुगेपछि यस वर्ष दोस्रो संस्करण गरिने भएको छ ।
यही असार १४ गते झापाको बिर्तामोडमा दोस्रो हेल्थ टुरिजम मार्ट गरिने भएको हो । कोशी प्रदेशभित्रका बिशेष गरी झापाका प्रमुख अस्पताल , क्लिनिक , आयुर्वेद तथा प्राकृतिक उपचार केन्द्रहरु साथै पर्यटन व्यवसायी , ट्राभल एजेन्सी र होटल व्यवसायीहरुलाई लक्षित गरी बिर्तामोडलाई स्वास्थ्य र पर्यटनको संगमस्थल बनाउने दीर्घकालीन दृष्टिकोणका साथ मार्ट गराउन लागेको बिर्तामोडमा आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो ।
कोशी प्रदेश सरकारले पर्यटन वर्ष मनाइरहेको बेला हेल्थ टुरिजम मार्टमार्फत नेपालीका साथै छिमेकी राष्ट्र भारत, बंगलादेश र भुटानका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा तथा उपचारको जानकारी र सहज पहुँच दिन सकिने अपेक्षा गरिएको कार्यक्रम संयोजक शेखर ढकालले जानकारी दिए ।
स्वास्थ्य सेवा र पर्यटन व्यवसायीबीच सहकार्यको वातावरण सिर्जना गर्नु , नेपालका गुणस्तरीय स्वास्थ्य सेवाको प्रवर्द्धन गर्नु , पूर्वी नेपाललाई हेल्थ टुरिजम हबको रुपमा परिचय गराउनु , स्वास्थ्य पर्यटनसम्बन्धी नीति निर्माण र सहकार्यका लागि आधार तयार गर्नु , सामुदायिक स्वास्थ्य सचेतना र प्रविधिमैत्री उपचार प्रवर्द्धन गर्ने उद्धेश्य रहेको नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) कोशीका पूर्वअध्यक्ष उदयकुमार श्रेष्ठले बताए ।
मार्टमार्फत स्वास्थ्य र पर्यटनको एकीकरण, दिगो विकासको सम्भावना, सीमापार स्वास्थ्य पर्यटनको सम्भावना, स्थानीय अर्थतन्त्रमा योगदान, होटल, यातायात, रेस्टुरेन्ट, उपचार केन्द्रलगायतका क्षेत्रहरूमा रोजगारी र आय आर्जनमा वृद्धि हुने पर्यटन कार्यालय झापाका प्रमुख छविलाल खतिवडाले बताए ।
नेपाल पर्यटन बोर्डको आयोजना , पर्यटन कार्यालय काँकरभिट्टा र होटल व्यवसायी संघ झापाको सहआयोजना तथा नाट्टा कोशी प्रदेशको सहकार्यमा मार्ट हुने भएको हो । पत्रकार सम्मेलनमा नाट्टाका महासचिव नवीन खरेल , होटल व्यवसायी संघ झापाका अध्यक्ष इन्दिरा श्रेष्ठ , महासचिव शिवराज पौडेलले पनि हेल्थ टुरिजम मार्टको महत्वबारे प्रकाश पारेका थिए ।

दुई वर्षअघि बिर्तामोडमा पहिलो हेल्थ टुरिजम मार्ट संचालन गरिएको थियो । त्यसबाट झापाका स्वास्थ्य संस्थाहरुलाई प्रत्यक्ष र अप्रत्यक्ष फाइदा पुगेको थियो । पहिलो हेल्थ टुरिजम मार्टबाट झापाका आँखा अस्पतालहरुका बारेमा अझ धेरै प्रचार भएर स्वास्थ्य पर्यटकहरुको संख्या बढेको दृष्टि आँखा अस्पतालका अध्यक्ष राम उप्रेतीले बताए । उनले आफ्नो अस्पतालमा सेवा विस्तारका कारणले पनि सेवाग्राहीहरुको संख्या थपिएको जानकारी दिए ।
यस वर्षको पहिलो हेल्थ टुरिजम मार्ट बिर्तामोडको सिटी सेन्टरमा गरिने भएको छ । जसमा करिव सयवटा स्टल रहने छन् । मार्ट आयोजनाका लागि नेपाल पर्यटन बोर्डले ५ लाख रुपैयाँ खर्च गर्ने बताइएको छ ।

## प्रधानमन्त्री ओलीको ध्यानाकर्षण

झापा(प्रस) ।सुनचाँदी व्यवसायसँग सम्बन्धित संघ-संस्थाका प्रतिनिधिले आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा सुनचाँदी कारोबारमा दुई प्रतिशत विलासिता कर लगाउने व्यवस्थाप्रति प्रधानमन्त्री केपी शर्मा ओलीको ध्यानाकर्षण गराएका छन् ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा प्रधानमन्त्रीसँग मंगलबार भेट गर्दै उनीहरुले यसबारे ध्यानाकर्षण गराएका हुन् ।
भेटमा नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघका अध्यक्ष किसान सुनार, नेपाल सुनचाँदी व्यवसायी महासंघका अध्यक्ष अर्जुन रसाइली र नेपाल रत्न तथा आभूषण संघका अध्यक्ष सुमनमान ताम्राकारसहितको टोली सहभागी थियो । त्यसअवसरमा उनीहरुले करको व्यवस्था लागु गर्दा आफूहरूको व्यवसाय धरासायी हुने भएकाले पुनः विचार गर्न माग गरेका छन् । व्यवसायीहरूले कर र भन्सारका दर छिमेकी भारतको भन्दा बढी हुँदा नेपाली व्यवसायले प्रतिस्पर्धा गर्न नसक्ने भएकाले उक्त व्यवस्था कायम रहे आफूहरू आन्दोलनमा जान बाध्य हुने चेतावनी दिएका छन् । प्रधानमन्त्री ओलीले संवादबाट समस्याको समाधान खोज्न आफूले सम्बन्धित मन्त्रालयसँग बुझ्ने र मिल्नेसम्मका माग पूरा गर्न लागिपर्ने विश्वास दिलाउँदै आन्दोलनको बाटोमा नलाग्न आग्रह गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।



# सामाजिक सञ्जाल दुरुपयोग गरी ठगी गरेको अभियोगमा पक्राउ

झापा ।खोटाङमा सामाजिक सञ्जाल दुरुपयोग गरी ठगी गरेको अभियोगमा दुई जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-२ की प्रविका राईको जाहेरीबाट रूपन्देही मजगौवाका शिवकुमार नाउ र दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका-१ की जुना कटवाललाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

कटवाल आइतबार र नाउ जेठ ३० गते प्रहरी कार्यालय खोटाङमा उपस्थित भएका थिए । कटवालको आइडीबाट प्रविकालाई पैसा लगानी गर्न उक्साएको र नाउको इसेवा खातामा २७ हजार र रूपन्देही सूर्यपुराका शिवनाथ बरईको खातामा २०८१ जेठ ३१ गतेसम्म दुई लाख २४ हजार गएको भन्दै २०८१ असार ९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको थियो । त्यसैको आधारमा दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय खोटाङका सूचना अधिकारी सुशान्त मिश्रले बताए ।

अर्का शिवनाथ बरई भने फरार रहेको प्रहरीले जनाएको छ । कटवालले आफ्नो आइडी ह्याक गरेर दुरुपयोग गरेको प्रहरीलाई बयान दिएको मिश्रले बताए । यो प्रकरणमा प्रहरीले अनुसन्धान सकेर सरकारी वकिल कार्यालयमा पेस गरिसकेको छ । 'उहाँहरूमाथि बयान लिएर सरकारी वकिलकोमा पठाइएको छ,' मिश्रले भने, 'बयानमा ह्याकरले आफ्नो आइडी दुरुपयोग गरेको बयान दिनुभएको छ ।'

# मेयर साम्पाङ र उपमेयर बेघाका समर्थक एकअर्काविरुद्ध आक्रमणमा

झापा(प्रस) । मेयर हर्कराज राई (हर्क साम्पाङ) र उपमेयर अइन्द्रबिक्रम बेघा बीचको विवादका कारण धरान उपमहानगरमा तनाव सिर्जना भएको छ।

सोमबार धरानका मेयर राईले चलाएको श्रमदान अभियानको डोर हाजिर गरी उपमहानगरपालिकाबाट भुक्तानी लिन खोजेपछि उपमेयर बेघाले विरोध जनाएका थिए। त्यसपश्चात् मेयर राईले आफ्ना समर्थकलाई कार्यालय बोलाएर आफूलाई आक्रमणको प्रयास गरेको बेघाले आरोप लगाएका छन्।



आक्रोशित बनेका बेघा समूहले मेयर राईविरुद्ध पनि आक्रमण प्रयास गरेपछि धरानको स्थिति तनावग्रस्त थियो । दुबै समूहका दर्जनौं कार्यकर्ताहरू उपमहानगरपालिकामा आएर एक अर्काविरुद्ध नाराबाजी र आक्रमणको प्रयास गरेका थिए ।

श्रमदानमा भएको खर्चलाई पनि बजेटमा समावेश गर्नु पर्ने भन्दै उपमेयरलाई दवाब दिएको थाहा पाएपछि वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुले मेयर साम्पाङको तीव्र विरोध जनाएका छन् । त्यसपश्चात् मेयर साम्पाङनिकट श्रमदाताहरू र उपमेयर बेघानिकट नेकपा माओवादी धरान १७ का वडा अध्यक्ष मनोजकुमार भट्टराईको नेतृत्वमा धरान नगर अध्यक्ष उद्धव लिम्बूसहित दुवै पक्षको करिव ३५० जना भेला भएको प्रहरीले जनाएको छ । उनीहरु नगरपालिकाको गेट अगाडि रहेका थिए । विवादबारे मेयर र उपमेयरबिच छलफल भएको जनाइएको छ । दुबै तर्फका कार्यकर्ताहरूलाई रोक्न इलाका प्रहरी कार्यालय धरानका डीएसपी प्रकाश जबेगु र वडा प्रहरी कार्यालय धरानका प्रहरी नायव निरीक्षक रुद्र खड्काको नेतृत्वमा ४० जना र सशस्त्र प्रहरी बल बेस क्याम्प धरानबाट सशस्त्र प्रहरी नायव उपरीक्षक संजिव पौडेलको नेतृत्वमा १३ जना सुरक्षाकर्मी खटिएका थिए ।

# लागूऔषध विरुद्धको सन्देशसहित वक्तृत्वकला प्रतियोगिता हुने



झापा(प्रस) । लागूऔषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस (जुन २६) को अवसरमा झापामा सप्ताहव्यापी कार्यक्रमअन्तर्गत असार १० गते वक्तृत्वकला प्रतियोगिता हुने भएको छ।

"लागूऔषध दुर्व्यसनमुक्त समाज निर्माणमा युवा र समाजको भूमिका" भन्ने शीर्षकमा आयोजना गरिने प्रतियोगिता कक्षा ९ देखि १२ मा अध्ययनरत विद्यार्थीबीच हुने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिए।

जिल्ला प्रशासन कार्यालयको आयोजना, शिक्षा विकास समन्वय इकाइको समन्वय तथा हिसान, प्याब्सन र एन-प्याब्सनको सहकार्यमा प्रतियोगिता बिर्तामोडस्थित न्यूटन्स स्कुलमा हुनेछ।

प्रतियोगितामा झापाका १५ वटै स्थानीय तहबाट सिफारिस भएर आएका ३० जना विद्यार्थी सहभागी हुनेछन्। प्रत्येक स्थानीय तहबाट एक जना छात्रा र एक जना छात्र गरी दुई/दुई जनाको दरले सहभागिता सुनिश्चित गरिएको छ। प्रतियोगितामा प्रथम स्थान हासिल गर्ने विद्यार्थीले नगद १० हजार रुपैयाँ, दोस्रो हुनेले ७ हजार र तेस्रो हुनेले ५ हजार रुपैयाँ पुरस्कार पाउनेछन्। साथै, दुई जनालाई जनही १५०० रुपैयाँका दरले सान्त्वना पुरस्कार पनि प्रदान गरिनेछ। प्रतियोगिताको पुरस्कार तथा अन्य व्यवस्थापन खर्च हिसान, प्याब्सन र एन-प्याब्सनले संयुक्त रूपमा व्यहोर्नेछन्। आयोजकहरूले प्रतियोगितामार्फत युवा पुस्तामा लागूऔषधको असरबारे चेतना अभिवृद्धि गर्दै स्वस्थ र जिम्मेवार समाज निर्माणमा उनीहरूको भूमिका सुदृढ हुने अपेक्षा व्यक्त गरेका छन्।

# ११ सीडीओसहित २१ सहसचिवको सरुवा




झापा , गृह मन्त्रालयले ११ जना प्रमुख जिल्ला अधिकारीसहित २१ जना सहसचिवको सरुवा गरेको छ। गृहले गुल्मी, इलाम, बैतडी, डोटी, सल्यान, गोरखा, डडेलधुरा, भोजपुर, रोल्पा, सिन्धुली र जुम्लाका प्रमुख जिल्ला अधिकारीहरूको सरुवा गरेको हो।

त्यस्तै भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयको अध्यागमन प्रमुखको पनि सरुवा गरिएको छ।

गृहले गोरखामा रामुराज कडरिया, भोजपुरमा सुरेश पन्थी, डडेलधुरामा जनार्दन गौतम, इलाममा सुनिता नेपाल, सल्यानमा नेत्रप्रसाद सुवेदी, जुम्लामा केदारनाथ शर्मा, बैतडीमा पुण्य विक्रम पौडेल, सिन्धुलीमा दिनेश सागर भुसाल, डोटीमा बुद्धबहादुर गुरुङ र सप्तरीमा रामबहादुर शाहीलाई सीडीओको जिम्मेवारी तोकिएको छ।

सरुवा गरिनेमा रामुराज कडरिया, सुरेश पन्थी, जनार्दन गौतम, सुनिता नेपाल, कल्पना श्रेष्ठ, दीर्घराज उपाध्याय, मोहनराज जोशी, प्रेमप्रसाद भट्टराई, शावित्रा पुन, नेत्रप्रसाद सुवेदी, केदारनाथ शर्मा, बासुदेव दाहाल, पुण्य विक्रम पौडेल, चोमेन्द्र न्यौपाने, दिनेश सागर भुसाल, नरबहादुर थापा, खिमबहादुर रायमाझी, बुद्धबहादुर गुरुङ, लीलाप्रसाद शर्मा र रामबहादुर शाही रहेका छन्।

# लेडी जेसीजको स्वास्थ्य शिविरबाट ३ सयबढी लाभान्वित



झापा(प्रस)। वीरता लेडी जेसीज बिर्तामोडले बुद्धशान्ति गाउँपालिकामा आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविरबाट ३ सयभन्दा बढी लाभान्वित भएका छन् ।

'मानवताको सेवा नै जीवनको सर्वोत्तम कार्य हो' भन्ने मूल मन्त्रलाई चरितार्थ गर्दै वीरता लेडी जेसीजले बुद्धशान्ति गाउँपालिका वडा नं ४ मा निःशुल्क स्वास्थ्य शिविर आयोजना गरेको थियो ।

शिविरको उद्धाटन समारोहलाई सम्बोधन गर्दै कार्यक्रमका प्रमुख अतिथि बुद्धशान्ति गाउँपालिकाका अध्यक्ष मनोज प्रसाईले स्वस्थ नागरिक नै समृद्ध राष्ट्रको आधार भएको बताए ।उनले वीरता लेडी जेसीज जस्ता सामाजिक संस्थाले नागरिकको स्वास्थ्यप्रति देखाएको संवेदनशीलता र सक्रियताको प्रशंसा गर्दै यस्ता कार्यमा गाउँपालिकाको सधैँ साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गरे ।

कार्यक्रममा बोल्दै वीरता लेडी जेसीजकी अध्यक्ष निशा शाक्यले विभिन्न सामाजिक तथा आर्थिक कारणले आधारभूत स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेका नागरिकलाई लक्षित गरी शिविर आयोजना गरिएको बताइन् । 'स्वस्थ समाज, समृद्ध राष्ट्र' को अभियानलाई साकार पार्न यो शिविर एक सानो पाइला भएको उनको भनाइ थियो ।

शिविरमा बीएण्डसी टिचिङ अस्पताल, पूर्वाञ्चल क्यान्सर अस्पताल र बिर्ता आई केयर प्रा. लि. को प्राविधिक सहयोग रहेको थियो । शिविरमा क्यान्सर विशेषज्ञ डा. कुशल रिजाल,फिजिसियन डा. नौसद अली ,स्त्री रोग विशेषज्ञ डा. सुरुचि महत्तो,बाल रोग विशेषज्ञ डा. सञ्जीव के. शाह ,हाडजोर्नी तथा नसा रोग विशेषज्ञ डा. मिलन सुन्दासले सेवा दिएका थिए ।

कार्यक्रमका विशिष्ट अतिथि बुद्धशान्ति-४ का वडाध्यक्ष शेरबहादुर राय तथा बीएण्डसी मेडिकल कलेजका म्यानेजमेन्ट डाइरेक्टर खोम घिमिरेले शुभकामना मन्तव्य राख्दै यस्ता परोपकारी कार्यले समाजमा सकारात्मक ऊर्जा प्रवाह गर्ने बताएका थिए ।

कार्यक्रम संयोजक पार्वती श्रेष्ठको स्वागत मन्तव्यबाट सुरु भएको कार्यक्रममा निवर्तमान अध्यक्ष मेनुका ओलीले कार्यक्रममाथि प्रकाश पारेकी थिइन् । कार्यक्रममा कार्यकारिणी उपाध्यक्ष मुना ढुंगेल र उपाध्यक्ष भावना बस्नेतले क्रमशः आस्था र मिसन-भिजन प्रस्तुत गरेका थिए । कार्यक्रमलाई महासचिव प्रभा रायाले सञ्चालन गरेकी थिइन् ।

वीरता लेडी जेसीजले विभिन्न सामाजिक कार्यहरु लगातार गर्दै आएको छ । यसअघि जेठ २२ गते वृक्षरोपण तथा संरक्षण कार्यक्रम गरेको थियो ।

# २२ ग्राम ब्राउनसुगरसहित कन्काईका दर्जी पक्राउ

झापा(प्रस)।२२ ग्राम ५७० मिलिग्राम ब्राउनसुगरसहित कन्काई ४ सुरुङ्गा बस्ने ३३ वर्षीय सञ्जित सिवा दर्जी पक्राउ परेका छन् ।

सोमवार बिहान ११ बजे मेचीनगर -६ काँकरभिट्टास्थित मेची पुलमा भारतबाट सिटीसफारीमा आउँदै गरेका दर्जीलाई शंकास्पद अवस्थामा फेला पारी शरीर तलासी लिने क्रममा झोलाभित्र चिनीमा प्याक गरेको प्लाष्टिकको पोका खोली हेर्दा प्लाष्टिकसहित २२ ग्राम ५७० मिलिग्राम र प्लाष्टिकबाहेक २१ ग्राम ९४० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।

उक्त लागूऔषधसहित उनलाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय काँकरभिट्टामा राखिएको छ ।

त्यस्तै बिर्तामोड नगरपालिका-४ स्थित पुरानो भद्रपुर रोडबाट सोमवार राति लागूऔषधसहित दुई जना पक्राउ परेका छन् । राति ८:४५ बजे इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको प्रहरी टोलीले दमक नगरपालिका-१ का ३२ बर्षीय बिजय कर्माकार र सोही स्थानका ३५ बर्षीय सन्तोष मिस्त्रीलाई पक्राउ गरेको हो । उनीहरुको प्लाष्टिकबाहेक १३ ग्राम ३६० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो ।




दुई थान मोबाइल, को ३५ प ९०६९ नम्बरको मोटरसाइकलसहित दुबैलाई नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

# बानियाको जन्मदिनमा वाणिज्य संघलाई सहयोग




झापा(प्रस)। बिर्तामोड उद्योग वाणिज्य संघले स्थापना गरेको व्यवसायी सदस्य राहत कोषका लागि स्थानीय व्यवसायी उमेश बानियाले सहयोग गरेका छन् । उनले आफ्नो जन्मदिनको अवसर पारेर संघले स्थापना गरेको कोषमा १५ हजार एक सय रुपैयाँ सहयोग गरेका हुन् । उनले बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष राजु न्यौपानेलाई उक्त रकम प्रदान गरेका थिए ।

बिर्तामोड उद्योग वाणिज्य संघले एक वर्षअघि व्यवसायीलाई आपत विपतमा सहयोग पुऱ्याउने भन्दै एक करोड रुपैयाँ बराबरको अक्षयकोष घोषणा गरेको छ । सो कोषमा बानिया अटो मोवाइल्सका सञ्चालकसमेत रहेका उमेशले सहयोग पुऱ्याएका हुन् ।

कोषका संयोजक तथा संघका वरिष्ठ उपाध्यक्ष राजकुमार घिमिरे 'राजु'ले स्वागत गरेको कार्यक्रमको संचालन संघका महासचिव कुशल खतिवडाले गरेका थिए ।कोषमा सहयोग पुऱ्याउने दाता बानियालाई संघले कदरपत्रद्वारा सम्मान गरेको छ ।


## नेपाल विद्युत प्राधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
प्रदेश नं. १, प्रादेशिक कार्यालय,बिराटनगर
अनारमनी वितरण केन्द्र

फोन:
०२३-५४१४९४ (कार्यालय)
०२३-५४०२९४ (फ्युज सेवा)

## विद्युत आपुर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समयमा विद्युत आपूर्ती अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागी अनुरोध छ । साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधा प्रति नेपाल विद्युत प्राधिकरण, अनारमनी वितरण केन्द्र क्षमाप्रार्थी छ ।

**मिति**: २०८२/०३/०४ **फिडरको नाम** : ११ के.भि. धुलाबारी, गोलधाप, चारआलाली फिडर

**स्थान**: अर्जुनधारा ११ नयाँवसपार्क (धुलाबारी फिडर), पुरानो बिजुली अफिस हुँदै बुट्टाबारी चारआली सम्मका सम्पूर्ण भाग (चारआली फिडर), पुरानो भद्रपुर रोड हुँदै गरामनी, हर्चना, मिलडाँडा एरियाका सम्पूर्ण भागहरु (गोलधाप फिडर)

**समय**: बिहान ८ बजेदेखि दिउँसो ०४ बजेसम्म

**कारण** : सडक खण्डका विद्युतिय संरचना स्थानान्तरण गर्नुपर्ने

– नेपाल विद्युत प्राधिकरण
अनारमनी वितरण केन्द्र



## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेशको
## १५ दिने सूचना

सधियार पूर्वः श्री कविता जोशी, पश्चिमः श्री मनमाया श्रेष्ठ, उत्तरः श्री संगिता भट्टराईको नाममा जारी गरिएको ।

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री लक्ष्मी सुब्बाले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन अभिलेखिकरण प्रमाण पत्र पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जिमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड न.पा १ | १ | १८३७६ | ११८.५१ | २०७९/ १२ /०८ | २०७९/ १२ /०८ | २०८०/ ०६/०८ |



## आवश्यकता
प्रथम पटक प्रकाशित मिति : २०८२/०३/०४

यस उद्योगलाई निम्न अनुसारको पदको लागि देहाय अनुसारको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट २०८२ आषाढ १९ गतेसम्म आवश्यक कागजातहरु सहित आबेदन आब्ह्वान गरिन्छ । साथै आवेदकको उमेरको गणना दरखास्त दिने अन्तिम मितिलाई आधार मानी गरिनेछ ।

| सि.नं. | पद तथा बि.नं. | संख्या | शैक्षिक /वान्छनिय योग्यता |
|---|---|---|---|
| १. | लेखापाल (सहायक श्रेणी ) बि.नं (१)०८१/०८२ सेवा : करार | १ | नेपाली नागरिकताको प्रमाण पत्र भएको । न्यूनतम व्यवस्थापन विषय लिई प्लस टु उत्तीर्ण भएको । उमेर १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । कम्प्युटर सम्बन्धि ज्ञान भएको । |

अन्य :

- शैक्षिक योग्यता तथा नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी, पासपोर्ट साईजको फोटोसहित हस्तलिखित आवेदन पेश गर्नु पर्नेछ । आवेदन सहारा सतासी महिला मौरी मह उद्योग, शिवसताक्षी ११, दुधे बजारको कार्यालय झापामा बुझाउनु पर्नेछ ।
- छोटो सूचीमा (क्जयचत िष्कतभम) परेका आबेदकहरुलाई मात्र थप परीक्षाको प्रकृयाको लागि बोलाईने छ । यसको लागि आवेदकको मोवायल नं. स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ ।
- छनोट सूचीमा परेका आवेदकहरुको लिखित तथा मौखिक परीक्षामा सहभागी आवेदनकर्ताले रु. २००।- परीक्षा शुल्क बुझाउनु पर्नेछ ।
- अनुभवीलाई प्राथमिकता दिईने छ ।
- परीक्षा लिखित, मौखिक तथा प्रयोगात्मक हुने कुन दिने समितिले निर्धारण गरे अनुसार हुनेछ ।

## सहारा सतासी महिला मौरी मह उद्योग
शिवसताक्षी ११, दुधे बजार
कार्यालयको सम्पर्क मो.नं.: ९८६१८२००००


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आवश्यकतामा आधारित बजेट

सातै प्रदेशको बजेट करिब दुई खर्ब ८७ अर्ब २९ करोड रुपैयाँको छ। यस्तो बजेटमध्ये सबैभन्दा ठूलो आकार वाग्मती प्रदेशको छ भने गण्डकी सबैभन्दा सानो आकारको बजेट पेस गर्ने प्रदेशमा परेको छ। कानुनमै व्यवस्था भएअनुसार सातै प्रदेशले एकै दिन बजेट जारी गरेर आआफ्नो प्रदेशको वार्षिक आम्दानी/खर्च सुनिश्चित गरेका छन्। यसरी बजेट पेस गर्ने क्रममा सबै प्रदेशले केही न केही मौलिकता समेट्ने प्रयास गरेका छन्। भौतिक पूर्वाधार संघको जस्तै सबै प्रदेशको समान प्राथमिकता भए पनि अन्य विषयमा भने पृथकता देखिएको छ। जस्तो– कोशी प्रदेश सरकारले जारी गरेको बजेटमा विशेषगरी युवाहरूलाई रोजगार र स्वरोजगार बनाउने उद्देश्यले कार्यक्रमहरू समेटिएका छन्। शिक्षामा मुसहर समुदायका छोरीहरूको पहुँच वृद्धिका लागि ल्याइएको 'सक्षम छोरी कार्यक्रम' नयाँखाले लाग्छ। संघीयताअघि केन्द्रीय सरकारले जारी गर्ने बजेटमा सबैले चित्त बुझाउनुपर्थ्यो। केन्द्रको चश्माले दूरदराजका कतिपय समस्या चिन्दैनथ्यो। देहातका पीडा महसुस गर्न सक्दैनथ्यो। गरिबीको दुखाइ जान्दैनथ्यो। कहाँ के समस्या छ र त्यसलाई कुन प्राथमिकतामा राख्नुपर्छ भन्ने बुझ्दैनथ्यो। त्यसैले 'माथिबाट लादिएको' स्रोत भोक लागे पनि नलागे पनि, मीठो भए पनि नभए पनि, आवश्यक भए पनि वा नचाहिए पनि खानु वा स्वीकार्नुको विकल्प थिएन। 'टाउकाको दुखाइ कम गर्न नाइटाको औषधि' सावित हुन्थ्यो कतिपय सन्दर्भमा बजेट अर्थात विनियोजित स्रोत।संघीयतापछि मुलुकको अवस्था फेरिएको छ।

गणतन्त्रात्मक शासन व्यवस्था लागु भएपछि एकाध व्यक्तिको हैकममा चल्ने शासनशैली समाप्त भएको छ। त्यही कारण बजेटको तयारी अवस्थादेखि नै आवश्यकता पहिचान र त्यसका लागि अनुमानित स्रोतको आकलन हुने परिपाटी थालिएको छ। अहिले बजेटले आफ्नो परिवेशअनुसार आफ्नै आवश्यकतामा आधारित बजेट पेस गर्न सक्नुको मुख्य कारण यही हो। बजेट तयारीका क्रममा कमजोरीहरू रहेका, यस्तो प्रक्रिया समावेशी नभएको, एकाध ठालुको दबाब/प्रभाव रहने गरेका जस्ता गुनासा अझै नभएका हैनन्, यद्यपि तुलनात्मकरूपमा आफ्ना समस्या योजनामा पार्ने र त्यसका लागि बजेट दाबी गर्ने वा पार्नेसमेतका काममा निकै प्रगति भएकै छन्। जसको प्रष्ट प्रमाण अहिले जारी भएका प्रदेश बजेटहरूलाई लिन सकिन्छ।

आआफ्नो आवश्यकता, प्राथमिकता र समस्यासमेत भोगिजान्नेका हिसाबले प्रदेशवालालाई नै सबैभन्दा बढी जानकारी हुन्छ। त्यसैले कहाँका लागि के योजना अग्रपंक्तिमा राख्नुपर्छ र त्यसका लागि कति बजेट वा जनशक्ति अनि प्राविधिक सहयोग चाहिन्छ भन्ने पनि उसैलाई थाहा हुन्छ। यही कारण अहिले प्रदेशहरूले जारी गरेका बजेट र तिनमा समेटिएका विषयवस्तुले धेरै आलोचना बेहोर्नुपर्दैन।

खासमा यो अवस्था भनेको मुलुक गणतन्त्रात्मक व्यवस्थाअन्तर्गत संघीय शासनशैलीको मार्गमा पदार्पण गर्नुको नतिजा हो। हैन भने परिवेश, प्राथमिकता र आवश्यकतामा आधारित बजेट तथा कार्यक्रम जारी हुनेमा शंका कायमै रहन्थ्यो। त्यसैले पनि यतिबेला यो व्यवस्थामाथि प्रहार गर्न दाउ हेरिरहेकाहरूबाट यसलाई बचाउन सबैजना तम्तयार हुनु आवश्यक छ।




# वर्षाले ल्याउने जोखिम



• डा.बिपी बडाल

नेपालमा मनसुन प्रवेश गरिसकेको छ । खेतमा असारे धान रोप्ने तयारी चल्दै छ । मानो रोपेर मुरी फलाउन किसान लालायित छन् । जेठ महिनाको उखरमाउलो गर्मी, जल शीतल बनेर बर्सिन थालेको छ । जताततै हरियाली छाएको छ । सबैको मनमा हर्ष उमङ्ग छाएको छ । धानको उत्पादन नेपालको आर्थिक क्रियाकलाप मात्र होइन । धान हाम्रो इतिहास हो, हाम्रो पहिचान हो । धान संस्कृतिसँग पनि जोडिएको छ । धानबाट नै चामल बन्छ । चामलबिना नेपाली जीवन सम्भव नै छैन । धान जीवनको आधार हो । यो जीवनको आधार रोप्ने मौसम हो । असार लाग्यो । जेठको उखरमाउलो गर्मी जलमा परिणत भयो । केही राहत महसुस भए पनि मनभित्र कता कता असोज १२ र १३ गतेको वर्षा सम्झिँदा मन अमिलो हुन्छ । विपत्ति बाजा बजाएर आउँदैन । यो वर्षाले लगभग २० अर्ब बराबरको क्षति भएको थियो भने २५० जना मानिसले अकालमा ज्यान गुमाउनु परेको थियो । मौसम विभागको सूचना अनुरूप मात्र मानिस त्यो दुई दिन घरमै बसिदिएको भए यति धेरै जनधनको क्षति हुने थिएन । सल्लाह गर्दैगर्दा सात गाउँ डुबेझैं यो साल पनि अवस्था त्यस्तै छ । ३० प्रतिशतभन्दा बढी वर्षा हुने चर्चा चलेकै छ ।

**विपत्ति के हो ?**

नसोचिएको अकस्मात् आइपर्ने ज्यानै जाने दुर्घटनालाई नै विपत्ति भनिन्छ । विज्ञहरूले जति भने पनि विपत्ति प्राकृतिक, मानवजन्य र जैविक तीन प्रकारका नै हुन्छन् । भूकम्प ज्वालामुखी, बाढीपहिरो, आँधीहुरी, सुनामी आदि प्राकृतिक विपत्ति हुन् भने दुर्घटना, आगलागी, हत्या, हिंसा, आतङ्कवाद, तोडफोड, आन्दोलन आदि मानवजन्य विपत्ति हुन् । जैविक भन्नाले महामारी कोभिड जस्तो अवस्था बुझिन्छ । प्राकृतिक विपत्ति न्यूनीकरण गर्न सकिन्छ भने मानवजन्य विपत्लाई शून्य बनाउन सकिन्छ । जैविक महामारीका सम्बन्धमा पनि स्थानीय वडा र पालिकामै स्वास्थ्य अनुसन्धान गर्ने सुविधासम्पन्न अस्पताल निर्माण गर्न सके यसलाई पनि न्यूनीकरण गर्न सकिन्छ । सबै विपत्को केन्द्रविन्दु नै मानिस हो । अन्ततोगत्वा विपत् मानिसलाई नै पर्छ । जीवन मानिसकै जान्छ । सचेत मानिस नै हुनु पर्छ । सचेत मानिस कुनै विपत्तिमा पर्दैन, परिहाल्यो भने पनि सचेतनाले गर्दा ऊ सुरक्षित हुन सक्छ । मानिस साँच्चै मानिस बन्नु पर्छ । प्रेम र श्रद्धा हरेक हृदयमा हुनै पर्छ । लोभ द्वन्द्वले नै विपत्ति निम्त्याउने हो । दम्भ घमण्ड नै विपत्को प्रमुख कारण हो । दादागिरी जबरजस्ती गर्दा नै विपत् आइपर्ने हो ।

**मानिस को हो ?**

हामी सबै मानिस हौँ । हामी मानिस भएर साँच्चै मानवीय कर्म गरेका छौँ त ? हाम्रो सोच, काम र खाना देवताको जस्तो भए मानिस देवता र दानवको जस्तो भए मानिस दानव हुन्छ । सोच भ्रष्ट छ भने कार्य भ्रष्ट नै हुन्छ । कार्य भ्रष्ट छ भने खाना पनि त्यही भ्रष्टको हुन्छ । यसको विपरीत मान्छेको सोच प्रगतिशील मानवीय छ भने उसको कर्म पनि मानवीय प्रगतिशील हुन्छ । खानपान, आहारविहार सबै मानवीय प्रगतिशील हुन्छ । मानव हुन शतप्रतिशत मानवीयता हुनु पर्छ । लोभ, मोह, अहङ्कार, घमण्ड शून्य हुनु पर्छ । मानिस बुद्ध नै हुनु पर्छ । अनि बल्ल ऊ एक सक्षम सफल मानिस हुन्छ । असल महामानव हुन्छ । के यो युगमा बुद्ध जस्ता मान्छे छन् त ? छैनन् । ज्ञान शिक्षा अर्थात् चेतना कै कमी छ । हामीले स्कुल त बनायौँ तर चेतनाको दियो जगाउन सकेनौँ । अब आफ्नो दियो आफैँले जलाउनु पर्छ । आफ्नो प्रकाश खुद आफैँ हुनु पर्छ ।

**ज्ञान र चेतना**

शिक्षा सिपसँग मात्र सम्बन्धित छ । शिक्षाले सिपमा निखार ल्याउँछ । सिपले नोकरी वा उत्पादनमा उत्पादकत्वको वृद्धि गर्छ । राम्रो सिप अर्थात् शिक्षा भए राम्रो आम्दानी गरेर, जागिर खाएर, सानोतिनो घरजग्गा जोडेर, आफ्ना बालबालिकालाई पढाएर एउटा सरल जीवन सजिलै बित्छ । लोभ, मोह, घमण्ड र अहङ्कारले गर्दा कति जेल परेका छन् । कति भ्रष्टाचारमा मुद्दा खेप्दै छन्, कति देश र समाज नै छोडेर हिँड्न बाध्य छन् । डाक्टर, इन्जिनियर, पाइलट, सचिव, सहसचिव, हाकिम जे जे भए पनि जतिसुकै पढेलेखेका भए पनि ऊभित्र कुण्ठा छ भने प्रगति गर्न सक्दैन । लोभमोहले न घरको न घाटको नै हुन्छ । जति पनि मानिस फस्छन् मायामोहको लोभले नै फस्छन वा घृणा अहङ्कारले नै । शिक्षाले मानिसभित्रको लोभ मोह अहङ्कार घटाउने चेतना दिन सक्दैन । शिक्षाले मानिसलाई मेसिन बनाउँछ । असल नोकर बनाउँछ । मानिसलाई मालिक बनाउँदैन । पढेलेखेका धेरै शिक्षित जागिर नै खान्छन् । त्यसैले मानव मानव बन्न पहिला ज्ञान र चेतना हुनु जरुरी छ । लोभ र मोहबाट मुक्त बुद्ध नै बन्नु पर्छ । ज्ञानी बन्नु पर्छ । लोभ मोह त्याग्नु पर्छ, के हामी ज्ञानी चेतनशील मानव हौँ ?

**विपत् जोखिम न्यूनीकरण**

जीवन जोखिमयुक्त छ । जसले जोखिम उठाउँदैन ऊ नै जोखिम मोल्न तयार हुनु पर्छ । जोखिम उठाउनु पर्छ । प्रगति गर्नु पर्छ । मेहनत गर्नु पर्छ । बुद्ध बन्ने त्याग चाहिन्छ । दुःखका कारण लोभ, मोह अहङ्कार सब त्याग्नु पर्छ । योग साधनामा लाग्नु पर्छ । बुद्धले वर्षा बास गर्नु हुन्थ्यो; असार, साउन, भदौ, तीन महिना कतै निस्किनु हुन्न थियो । कसैलाई पनि ननिस्किनु सुरक्षित बस्नु भन्नु हुन्थ्यो । यो विज्ञानको युग हो । घरमै मोबाइलबाटै सम्पूर्ण काम गर्न सकिन्छ । यो झरी वर्षा बादलमा किन निस्किनु ? आफ्नो घर किन भिर, पाखा वा खोलाको किनारमा बनाउनु ? खोलाको जग्गा किन हड्प्नु ? खोलै खाइदिने मानिसको नै घर खोलाले खाने हो । खोला पनि त बग्नु पर्‍यो । सिङ्गै खोला नै खान सक्ने मानिस कसरी मानिस हुन्छ ? इमानदार, सचेत, अनि ज्ञानी मानिसलाई कहिले पनि कुनै पनि प्रकारको विपत् पर्दैन । वर्षा लाग्यो, मानिस बनौँ ।

**अन्त्यमा**

मानिस मानिस बन्नु पर्छ । सचेत हुनु पर्छ । वर्षायाममा खोला बढेको हुन्छ । जमिन गलेको हुन्छ । जताततै पहिरो जान सक्छ । सुरक्षित स्थानमा बस्नु पर्छ । थाहा छैन जीवन आज हो कि भोलि हो । सबै मर्नु पर्छ, मरेर केही लैजानु छैन । लोभ र मोह त्याग्नु पर्छ । प्रकृतिलाई जित्न सकिँदैन । प्रकृतिसँग मिल्नु पर्छ । यही माटोको फूल हामी यही माटोमा मिल्नु पर्छ ।

रुख रोप्नु पर्छ । वातावरण जोगाउनु पर्छ । सबैलाई प्रेम श्रद्धा गर्नु पर्छ । अति भए खति हुन्छ । मध्यमार्ग अपनाउनु पर्छ । दम्भ अहङ्कारले पछुतो भन्दा केही दिँदैन । पछुताउनु भन्दा पहिले नै सचेत हुनु पर्छ । आफ्नो सुरक्षाको पूर्ण व्यवस्थापन आफैँले मिलाउनु पर्छ । सल्लाह गर्दागर्दै सात गाउँ डुबेको जस्तो नहोस् । समयमै सबै तयारी गरौँ, मानिस बनौँ । सबै प्रकारले आफू सुरक्षित भइसकेपछि चारैतिर उज्यालो हुन्छ । खुसी मिल्छ । वर्षा आफैँमा सुन्दर छ । वर्षाको आफ्नै मह[illegible]व छ । मनसुन आइसकेको छ । असार लागिसकेको छ । रोपाहार र बाउसेको असारे गीत सुन्न थालिएको छ । आशा गरौँ यो सालको वर्षा सुरक्षित हुने छ ।

# हिमालसँगै मानव रक्षामा संकट



• सौगात मिश्र

सगरमाथा केवल नेपालको शिखर नभएर सम्पूर्ण पृथ्वीको सर्वोच्च विन्दु हो, हाम्रो भने गौरवको प्रतीक हो । सगरमाथालगायतका हिमाल यस्ता मौन साक्षी हुन् जसले समय, सभ्यता र संस्कृतिका अनगन्ती आरोह-अवरोहको दृश्य गमन गरेका छन् । यिनै हिमशृङ्खला केवल हिउँको थुप्रो मात्र होइनन्, जीवनका आधार हुन्, मौसमका सूत्रधार हुन् र मानव अस्तित्वका मौन संरक्षक हुन् । आज, ती शाश्वत मानिएका हिमाल खतरामा छन् ः पग्लिँदै, थाक्दै र शून्यतामा हराउने अवस्थामा ।

जलवायु परिवर्तनको तीव्र असरले हाम्रो हिमाली क्षेत्रलाई जोगाउन सक्ने समय अब धेरै बाँकी छैन । मौसम प्रणालीमा आएको अनियमितता, हिउँ पग्लिने गति र बढ्दो प्राकृतिक सङ्कटका सङ्केतले हामीलाई एक गम्भीर प्रश्नतर्फ हेर्न बाध्य पारिरहेको छ, के मानवता हाम्रा हिमालबिना जोगिन सक्छ ? गत जेठ २ देखि ४ गतेसम्म नेपाल सरकारले आयोजना गरेको सगरमाथा संवाद जलवायु परिवर्तन, हिमाल र मानव भविष्यसम्बन्धी बहसको अन्तर्राष्ट्रिय मञ्च बन्यो । सगरमाथा संवादको उद्घाटन सत्रमा प्रधानमन्त्री केपी शर्मा ओलीले राख्नुभएको एक गम्भीर प्रश्न थियो । उद्घाटन सत्रमा प्रधानमन्त्री ओलीले भन्नुभयो, हिमाल जोगाउनु भनेको पृथ्वी जोगाउनु हो, महासागर जोगाउनु हो, स्वयम् मानवता जोगाउनु हो ।"

**मानव सभ्यताको मेरुदण्ड**

नेपालका हिमशृङ्खला पर्यटकीय आकर्षण, धार्मिक आस्थाका केन्द्र वा भौगोलिक सम्पदा मात्रै होइनन्, ती सम्पूर्ण दक्षिण एसियाका जीवनका मूल स्रोत हुन् । विश्वका १० प्रमुख नदी प्रणालीमध्ये गङ्गा, ब्रह्मपुत्र र इन्द्रावती, नेपालकै हिमशृङ्खलाबाट अस्तित्व पाउँछन् । नेपालका हिमाल करिब दुई अर्ब मानिसको जीवनधारा हुन् ।

आज ती जीवनधारा नदीहरूको मुहान सुक्दै छ । हिमनदी साँघुरिँदै छन्, हिमताल विस्फोटको जोखिममा छन् । जलवायु परिवर्तनको असरले भूक्षय, बाढी, हिमपहिरो र तापमानको चरम उतारचढावको सामना गर्नुपर्ने अवस्थाको उत्पन्न भएको छ । हाम्रो भविष्यको झ्याल उघारेर हेर्दा सुनौलो उज्यालो हैन, धुम्म अन्धकारको विम्ब झल्किन थालेको छ ।

**आँखैअघिको यथार्थ**

नेपालका गाउँबस्तीमा जलवायु परिवर्तन अब अनुसन्धानको विषय मात्रै रहेन, त्यो दैनिक जीवनको यथार्थ बनिसकेको छ । सुदूरपश्चिमका पहाडी गाउँमा वर्षाको अनियमितता, खडेरीका कारण बाली नष्ट, पानीको अभाव, अनि एक गाउँबाट अर्को गाउँ बसाइ सर्नुपर्ने बाध्यता बढेको छ । अहिलेका लागि यो स्थानीय पलायनका रूपमा देखिए पनि भविष्यमा यो राष्ट्रिय हुँदै अन्तर्राष्ट्रिय पलायनको रूप लिन सक्ने गम्भीर सङ्केत पनि हो ।

खुम्बु क्षेत्रको इम्जा ताल जस्तै अन्य हिमताल तीव्र गतिमा फैलिरहेका छन् । वैज्ञानिकले हिमताल विस्फोटनको जोखिम उच्च रहेको चेतावनी दिँदै आएका छन् । त्यस्तो विस्फोट भयो भने, मानव जीवन, आधारभूत संरचना र जैविक विविधता सबै तहसनहस हुन सक्छ । गाउँ गाउँमा पानीका मुहान सुक्न थालेपछि सामाजिक कठिनाइ, सिँचाइ अभाव, खाद्य असुरक्षा अनि शिक्षा, स्वास्थ्य जस्ता सेवा प्रणालीमा समेत असर देखिन थालेको छ । यो समस्या अब केवल पहाडी भूभागको सीमामा सीमित छैन, सहरमा समेत पानीको समस्या र गर्मीका समस्या तीव्र भएका छन् ।

**विश्वव्यापी चुनौती ?**


नेपालको जलवायु सङ्कट नेपालमै सीमित छैन । यसका कारक औद्योगिक राष्ट्रहरूद्वारा उत्सर्जित हरितगृह ग्यासमा छन्, जसले समग्र पृथ्वीको तापक्रम बढाइरहेको छ । हिमालय क्षेत्र विश्वको औसतभन्दा झन्डै दुई गुणा बढी गतिमा तातिरहेको वैज्ञानिकले औंल्याएका छन् । यसको प्रभाव भारत, तिब्बत, बङ्गलादेश, पाकिस्तान र चीनमा समेत देखिन थालेको छ । यसैले यो क्षेत्रीय मात्रै होइन, मानव सभ्यताको साझा सङ्कट हो । अब हामीले जलवायु परिवर्तनलाई केवल प्राकृतिक विषय भनेर हेर्न सक्दैनौँ । यो आर्थिक, सामाजिक र राजनीतिक विषय पनि हो ।

**जलवायु न्यायको खोजी**

नेपाल जस्ता मुलुकको कार्बन उत्सर्जनमा विश्वभरको जम्मा ०.०२५ प्रतिशत मात्रै भूमिका छ तर असरमा हामी अग्रपङ्क्तिमा छौँ । यो जलवायु अन्याय हो । सन् २०२२ मा इजिप्टमा सम्पन्न कोप-२७ सम्मेलनमा हानि नोक्सानी कोष स्थापना गर्ने सहमति भयो । कार्यान्वयनको गति भने सुस्त बन्यो । हामीलाई नारा होइन न्यायपूर्ण नीति परिमार्जनको आवश्यकता छ । जलवायु क्षतिपूर्ति, कार्बन बजेट र कार्बन कर जस्ता मुद्दामा विकासशील राष्ट्रको आवाज सुन्नु अब आवश्यक मात्र होइन, अनिवार्य बनेको छ । नेपाल जस्ता मुलुकको आवाज कमजोर जस्ता लाग्न सक्छन् तर यी आवाज एकताबद्ध हुँदै गएमा वैश्विक बहसमा सहजै बुलन्द प्रभाव पार्न सक्छन् । हिमाली राष्ट्रको साझा मोर्चा गठन, विज्ञानमा आधारित कूटनीति र जनस्तरको सृजनशील दबाबमार्फत हामीले न्यायपूर्ण परिवर्तन ल्याउन सक्छौँ ।

**जीवन र भविष्यको लडाइँ**

हिमाल जोगाउनु केवल हिउँ जोगाउनु मात्र नभएर त्यो जलस्रोत, जैविक विविधता, सभ्यता-संस्कृति र अर्थतन्त्र जोगाउनु हो । नेपालले आफ्नो प्रयासस्वरूप जलविद्युत्, वन संरक्षण, नवीकरणीय ऊर्जा र अन्तर्राष्ट्रिय बहसमा सक्रियता देखाइरहेको छ तर यी कदम मात्र पर्याप्त होइनन् । विश्व तापक्रम १.५ डिग्री सेल्सियस माथि पुग्यो भने हाम्रो हिमाली क्षेत्रले अपूरणीय क्षति भोग्नुपर्ने छ, जसको असर पुस्तौँपुस्ताले भोग्ने छन् । हामीले स्थानीय समुदायलाई जलवायु अनुकूलनमा सक्षम बनाउनु जरुरी छ । परम्परागत ज्ञान, स्थानीय नवप्रवर्तन र शिक्षालाई एकीकृत गर्दै दिगो समाधान निर्माण गर्न सकिन्छ । पर्यटन, कृषिमा हरित प्रविधिको प्रयोग र वातावरणीय शिक्षा अब केवल परियोजनाको भाषामा होइन, जनजीवनको अङ्ग बन्नु पर्छ ।




**हिमालबिनाको मानवता**

सोधौँ, के हामी हिमालविहीन संसार कल्पना गर्न सक्छौँ ? जब हिमशृङ्खला हराउँछन्, पृथ्वीको जल चक्रमा असन्तुलन आउँछ, पानीको अभाव तीव्र हुन्छ, खाद्य सङ्कट उत्पन्न हुन्छ र एक देशबाट अर्को देशतिर पलायन सुरु हुन्छ, त्योबेला मानव अस्तित्व स्वयम् सङ्कटमा पर्छ । यो प्रश्न केवल भावनात्मक रहँदैन । यो वैज्ञानिक, नैतिक र राजनीतिक प्रश्न हो ः के मानवता हाम्रा हिमालबिना जोगिन सक्छ ? उत्तर छ, सक्दैन । अबको बाटो भनेको साझा उत्तरदायित्वको हो, जहाँ नेपाल जस्ता हिमाली राष्ट्रले आवाज उठाउँछन् र विश्वले त्यो आवाज गम्भीर रूपमा सुन्छ/सुन्नु पर्छ । यो समय विकासको नयाँ परिभाषा लेख्ने हो, जहाँ समृद्धि प्राकृतिक सन्तुलनसँग जोडिन्छ र भविष्य जलवायु न्यायसँग । हाम्रा हिमालका लागि सँगै सिङ्गो पृथ्वीका लागि लड्नुपर्ने समय आएको छ । हामीले आज हिमाल जोगाउन सकेनौँ भने, भावी पुस्ता र सिङ्गो भविष्यलाई बृहत् अन्याय हुने छ । जोगायौँ भने हाम्रो सन्ततिले सधैँ सगरमाथाबाट शान्त, शुद्ध, अनि सम्भावनाले भरिएको, उदाउँदै गरेको सूर्यको दृश्य हेर्न पाउने छन् ।

# इरान–इजरायलको युद्धमा नेपाली



झापा । इरान र इजरायलबीचको द्वन्द्व चर्किँदै जाँदा त्यहाँ रहेका नेपालीहरूको सुरक्षालाई लिएर चिन्ता बढेको छ। हाल उनीहरूको अवस्था कस्तो छ र युद्ध चलिरहेको भूमिमा नेपालीको दैनिकी कसरी बितिरहेको छ भन्ने चासो उत्तिकै छ।

कतिपय नेपालीले सामाजिक सञ्जाल र विभिन्न सञ्चारमाध्यममार्फत आफ्नो अनुभव र भोगाइ सार्वजनिक गरिरहेका छन्। इजरायलमा दिनहुँ क्षेप्यास्त्र आक्रमण भइरहेको छ र कतिपय नेपालीले क्षेप्यास्त्र खसिरहँदा लुक्ने भूमिगत बंकर समेत नपाएर भऱ्याङमुनि बस्नुपरेको गुनासो गरिरहेका छन्।

अवस्था निकै गम्भीर रहेको र आगामी दिनमा झन् युद्ध बढ्न सक्ने डरले नेपालमै फर्कन चाहेको बताउनेसँगै केही नेपालीले भने खतरा भए पनि सुरक्षित रुपमा बस्नु नै अहिलेको विकल्प ठानेका छन् ।

**खतराको संकेतः ९० सेकेन्डभित्र बंकरमा**

इजरायलका लागि नेपाली राजदूत धनप्रसाद पण्डितका अनुसार युद्ध सुरु भएदेखि तनावको अवस्था छ। 'हिजो बेलुका चार बजे, राति नौ बजे र आज बिहान चार बजे गरी तीनपटक बंकरमा गयौं', राजदूत पण्डितले भने। 'तर सधैं बंकरमै सुत्ने होइन, दश मिनेट जति हो, आकाशबाट लक्षित ठाउँमा खस्ने कुरा खसिसक्छ, क्षति हुने ठाउँमा भइ सक्छ। त्यसपछि सामान्य अवस्थामा जान्छ।'

इजरायलमा कुनै पनि खतराको संकेत देखिए मोबाइलमा सन्देश पठाइन्छ। अलार्म, साइरन बज्नेबित्तिकै मान्छेहरू भूमिगत बंकरमा जान्छन्। बङ्करमा पुगेको १० मिनेटपछि निस्कन दिइन्छ। त्यहाँ सन् १९९० पछि बनेका हरेक घरहरूमा बंकर हुन्छन्, अलार्म बजेको ९० सेकेन्डभित्र भुइँ तलामा बनाइएका बंकरमा तीन चार तलाबाट पनि मान्छेहरू झरेर पुगि सक्नुपर्छ। 'रातिको समयमा सुतिरहेका वेला एक्कासि छोटो समयमा जान समस्या हुनसक्छ, तथापि यहाँकै परिस्थितिअनुसार आफूलाई ढाल्नैपर्छ, किनभने आफूलाई जोगाउनु त पऱ्यो'। उनले भने ।

अहिलेसम्म कुनै नेपाली समस्यामा परेको जानकारी नआएको राजदूतले बताए। 'धेरै नेपाली हाम्रो सम्पर्कमै हुनुहुन्छ, रेस्क्यू गर्नुपर्ने भयो भने हामी तयार हुनुपर्छ, मैले परराष्ट्रसँग समन्वय गरिरहेको छु, के छ अवस्था भनेर सोध्दा उहाँहरूबाट 'हामीलाई रेस्क्यू गरेर लैजाने सोच नगर्नुहोला, जे गति यहाँको त्यही गति हाम्रो हुन्छ' भनेर उत्तर आएको छ'। राजदूत पण्डितले भने।

यसअघि राजदूतावासको जानकारीमा नरहेका एकजना डाक्टर जो, सेवा अस्पतालमा इन्टर्न गरिरहेका छन्। उनले अस्ति, राजदूतावासमा फोन नम्बरबिनाको इमेल पठाएर कुनै रेस्क्यूको उपाय भए आफू पनि नेपाल फर्कन चाहन्छु भनेको राजदूत पण्डितले बताए। एउटा कार्यक्रममा सहभागी हुन इजरायलको सेफायम पुगेका विराटनगर महानगरपालिकाका मेयर नागेश कोइरालालाई पनि नेपाल पठाउन आवश्यक तयारी गरिएको छ।

कृषि र सहकारी क्षेत्रको अध्ययन भ्रमणका लागि इजरायली विदेश मन्त्रालयको निम्तोमा त्यहाँ पुगेका मेयर पण्डितले खतराको सन्देश पाउनेबित्तिकै विभिन्न देशका प्रतिनिधिहरूसँगै बंकरमा गएको अनुभव गर्नुपरेको बताएका छन्। उनलाई जोर्डनको एम्बेसीमा गएर भिसा एप्लाई गरी जोर्डन पठाउने र त्यहाँ बसेर मुम्बई हुँदै नेपाल फर्काउने तयारी गरिएको राजदूत पण्डित बताउँछन्।

इजरायल सरकारले सुरक्षा सतर्कतासँगै अन्य दृष्टिकोणले विमानस्थल पूर्ण ररूपमा बन्द गरिदिएको छ। 'आर्मी बाहेक कुनै सिभिलियन प्लेन चल्दैन, वैदेशिक यातायात सबै बन्द भयो, अत्यावश्यक बाहेकका सबै कार्यालय, विद्यालय कलेज सबै बन्द छन्', राजदूत पण्डितले भने। 'हामी एम्बेसी पनि आवश्यक पर्दा एकछिन गएर थोरै समयमात्र खोलेर फर्कन्छौँ, पूरा समय बस्दैनौँ।'

धेरै नेपालीहरू इजरायलका विभिन्न ठाउँमा केयर होममा कार्यरत छन्। वर्षौंदेखि त्यहाँ पुगेका नेपालीहरूले अहिलेको जस्तो लडाइँ धेरै पटक देखिसकेका छन्। तर यसपटकको अवस्था भयानक बन्दै गएको केहीलाई लागेको छ भने त्यहाँका सर्वसाधारणमा पनि पहिलेको भन्दा धेरै डर देखिएको उनीहरू बताउँछन्।

तेलअभिभमा १५ वर्षभन्दा बढी समयदेखि रहेका एक नेपालीले अहिलेको अवस्थाजस्तो यसअघि कहिल्यै नभोगेको तर यतिखेर डर लागे पनि सुरक्षित भएर बस्नुको विकल्प नरहेको बताए। यद्यपि इजरायलको प्रतिरक्षा प्रणालीप्रति त्यहाँका नागरिकसँगै केही नेपाली पनि विश्वस्त छन्।

**समस्या पर्दा मद्दत कसरी लिने ?**

नेपाल सरकार परराष्ट्र मन्त्रालयसँगै इजरायलस्थित राजदूतावासले युद्धका वेला विशेष आवश्यकता टेलिफोन गरी जानकारी गराउन भनेको छ। परराष्ट्र मन्त्रालयले नेपालीहरूको हित सुनिश्चित गर्न आवश्यक उपयुक्त कदम चालिने जनाएको छ।

'आफ्नै वेबसाइट, फेसबुक र अन्य सूचनामार्फत फोन नम्बर राखिदिएका छौं', राजदूत पण्डितले भने। 'यहाँका धेरै नेपालीहरू हाम्रो सम्पर्कमा हुनुहुन्छ, उहाँहरूसँग टेलिफोनमा सोधपुछ भइरहेको छ।'

तर आगामी दिनमा भयावह अवस्था आयो भने आवश्यकता परे चार्टर्ड फ्लाइट वा आकस्मिक फ्लाइट गर्नुपरेमा दूतावाससँग कुनै किसिमको स्रोत साधन छैन। यस्तो अवस्थामा परराष्ट्रलाई भन्नुपर्छ। 'पहिले सन् २०२३ अक्टोबरको घटना हुँदा पनि ६ सात हजार नेपाली थिए तर एउटा प्लेन मात्र, त्यो पनि विद्यार्थीलाई लिएर गएको हो, अरूलाई उद्धार गरिएको होइन'। उनले भने। 'तथापि परराष्ट्रमन्त्रीले परेको खण्डमा जेसुकै गर्न तयार छौं, तपाईं सुरक्षित रहनुहोला, नेपालीहरूको सुरक्षाको बारेमा पूरा जानकारी राख्नुहोला, सकेको मद्दत गर्नुहोला, केही पऱ्यो भने हामीलाई भन्नुहोला भन्नुभएको छ।' आफूले दिनमा तीनपटकसम्म परराष्ट्रमन्त्री र सचिवसँग कुराकानी गरिरहेको उनले बताए।

२०२३ मा भएको आक्रमणका क्रममा हमासले धेरै नेपालीलाई बन्धक बनाएको थियो। तीमध्ये धेरैको उद्धार भए पनि १० जनाले ज्यान गुमाउनुपरेको थियो। उक्त घटनाले गर्दा पनि अहिलेको अवस्थामा नेपालीहरू आफूलाई असुरक्षित महसुस गरिरहेका छन्।

त्यसबेला हमासले बंकरबाटै बन्धक बनाएका विपीन जोशीको अवस्था अझै अज्ञात छ। 'उहाँको विषयमा यहाँको सरकार र हामीलाई पनि जानकारी छैन', राजदूत पण्डित भन्छन्, 'हाम्रा प्रधानमन्त्री, परराष्ट्रमन्त्रीसँगै मैले गर्नुपर्ने जति सबैलाई फोन गर्नेदेखि भेटेर पनि मैले कुरा गरैं तर विपीनको बारेमा केही जानकारी पाएका छैनौं।'

इरानसँग भने इजरायलस्थित राजदूतावासको कुनै समन्वय भएको छैन। 'इरानसँग यो देशको कुनै दौत्य सम्बन्ध छैन, ऊसँग हाम्रो भेटघाट कुराकानी केही पनि हुँदैन।' इजरायलस्थित नेपाली राजदूतावासले साइप्रसलाई हेर्छ जहाँ, झण्डै १९ हजार नेपाली छन्।

इरानमा कतारस्थित राजदूतावासले हेरिरहेको छ र इरानमा १७ जना नेपाली रहेको जनाएको छ। कतारस्थित नेपाली राजदूत रमेशचन्द्र पौडेलले भने अहिलेसम्म इरानमा ओहदाको प्रमाणपत्र बुझाउन जान पाएका छैनन्, तथापि उनले नेपालीको उद्धार गर्नुपर्ने भयो भने दूतावासले आवश्यक पहल गर्ने बताएका छन्।

कतारको बोर्डर नजिक रहेका एक नेपालीले खतराको सम्भावना रहेकाले सतर्कता अपनाएर बसिरहेको बताए। 'हामी अहिले कतारकै साइडमा छौं, जिपिएस नभएर कतै पनि जान सकेको छैन, परिवारलाई चिन्ता बढ्ने भन्दै नाम नबताएका उनले भने। 'सिमानाको नजिक भएकाले केही खतरा भइहाल्छ कि भनेर कतारले पनि सतर्कता अपनाइरहेको छ।'

अहिले डुंगा, जहाज चलेका छैनन्। 'अरू त सामान्य नै छ, स्ट्यान्डबाई जस्तो बसिरहेका छौं, कतारको सिमाना छेउछाउ चाहिँ अलि खतरा हुने सम्भावना छ तथापि अहिलेसम्म हामी सुरक्षित छौँ', उनले थपे।

**कति छन् नेपाली ?**

सबैभन्दा ठूला सहरहरू तेलअभिभ र त्यस वरपर, जेरुसलेम र हाइफासँगै लेबनानको सिमानादेखि इजिप्टको सिमानासम्मै नेपालीहरू छन्।

त्यहाँका साना बस्ती भएका गाउँहरूमा पनि केयर होम छन्। त्यस्ता होममा वृद्धवृद्धा, विरामी र अपाङ्गता भएका व्यक्तिहरूको हेरचाह गर्ने काममा अधिकांश नेपालीहरू कार्यरत छन्।

परराष्ट्र मन्त्रालयले इजरायलमा करिब ५ हजार ५ सय, इरानमा १२ जना नेपाली रहेको जनाएको छ। इजरायलमा विभिन्न किसिमले पुगेका र वैध/अवैध गरी बसेका नेपालीहरूको संख्या पाँचदेखि सात हजार रहेको राजदूत पण्डित बताउँछन्।

सन् २००१ मा मेनपावरले इजरायलमा मान्छे पठाउने अवस्था सुरु भएकोमा २००९ पछि रोकिएको थियो। अनुमान गरिएअनुसार त्यसपछि २०१४ सम्म झण्डै २७ हजार नेपाली त्यहाँ पुगेका थिए।

राजदूत पण्डितका अनुसार त्यसरी गएकामध्ये अहिले पनि २ हजार नेपाली त्यहाँ छन् भने कोही नेपाल फर्किए, कतिपय अष्ट्रेलिया, अमेरिका, युरोप गए। हाल एक दर्जनको हाराहारीमा नेपाली विद्यार्थी विभिन्न विश्वविद्यालयमा पढिरहेका छन्।

# तीन प्रदेशका १५ अस्पतालमा निःशुल्क मुटु रोग सेवा




झापा(प्रस) ।सरकारले तीन प्रदेशका १५ वटा अस्पतालमार्फत मुटु रोगसम्बन्धी निःशुल्क सेवा उपलब्ध गराउन थालेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार बागमती, कोशी र लुम्बिनी प्रदेशका सरकारी तथा केही निजी अस्पतालहरूमा उक्त सेवा विस्तार गरिएको हो।

सरकारले विशेष गरी महाधमनी (एओर्टा) सम्बन्धी जटिल शल्यक्रिया, मुटुमा पेसमेकर राख्ने, स्टेन्ट राख्ने र भल्भ पूर्णरूपमा क्षति भएको अवस्थामा उपचार खर्चमा एक लाख रुपैयाँसम्मको सहुलियत दिने व्यवस्था मिलाएको छ।

यस्ता गम्भीर स्वास्थ्य समस्या भएका बिरामीहरूले सेवा लिन स्थायी बसोबास रहेको वडाबाट विपन्नता पुष्टि गर्ने सिफारिसपत्र लिएर सम्बन्धित अस्पतालमा जानुपर्नेछ। मन्त्रालयका अनुसार प्राथमिकतामा परेका बिरामीलाई सुलभ सेवा दिन अस्पतालहरूलाई आवश्यक निर्देशन दिइएको छ।

बागमती प्रदेशमा वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल महाराजगन्ज, पाटन अस्पताल, कान्ति बाल अस्पताल, शहीद गंगालाल राष्ट्रिय हृदयरोग केन्द्र, मनमोहन कार्डियोथोरासिक केन्द्र, मानव अङ्ग प्रत्यारोपण केन्द्र, चितवन मेडिकल कलेज, बयोदा अस्पताल बल्खु, धुलिखेल अस्पताल काभ्रे र भरतपुर अस्पतालबाट सेवा दिइँदैछ।

त्यस्तै, कोशी प्रदेशमा बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान, नोबेल मेडिकल कलेज विराटनगर र न्युरो कार्डियो मल्टिस्पेसियालिटी अस्पतालमार्फत सेवा सञ्चालन गरिएको छ। लुम्बिनी प्रदेशमा भने गौतम बुद्ध सामुदायिक मुटु अस्पताल बुटवललाई सेवा दिने संस्थाका रूपमा तोकिएको छ। स्वास्थ्य मन्त्रालयले ती अस्पतालहरूमा मुटुरोगसम्बन्धी सेवा गुणस्तरीय र पारदर्शी ढंगले उपलब्ध गराउने सुनिश्चिततासमेत गरेको जनाएको छ। मन्त्रालयका अनुसार यो सुविधा आगामी दिनमा अन्य प्रदेशहरूमा पनि विस्तार गर्दै लैजाने योजना छ।

# अकाल मृत्यु र अपांगताको मूल कारक वायु प्रदूषण

झापा(प्रस)।कुपोषण र सुर्तीजन्य पदार्थभन्दा वायू प्रदूषणको जोखिम नेपालमा उच्च रहेको र यसले मानवीयसँगै आर्थिक क्षति निम्त्याइरहेको पाइएको छ । मंगलबार विश्व बैंक समूहले सार्वजनिक गरेको 'टुवाड्र्स क्लिन एयर इन नेपालः बेनेफिट्स, पोलुसन सोर्सेस, एन्ड सोल्युसन्स' नामक प्रतिवेदनअनुसार वायु प्रदूषणले नेपालीहरूको औसत आयू ३.४ वर्षले घटाउने र वार्षिक करिब २६ हजारको अकाल मृत्युको कारण बनिरहेको छ ।

'नेपालमा ७५ प्रतिशत क्रोनिक अब्स्ट्रक्टिभ पल्मोनरी डिजिज अर्थात दीर्घकालीन श्वासप्रश्वाससम्बन्धी रोग, ४६ प्रतिशत पक्षघात (स्ट्रोक), ४४ प्रतिशत इस्केमिक मुटुरोग, ४१




प्रतिशत श्वासप्रश्वास संक्रमण, ३८ प्रतिशत फोक्सोको क्यान्सर, नवजात शिशुसम्बन्धी समस्या ३० प्रतिशत र २० प्रतिशत मधुमेह (डायबेटीज) को कारण वायु प्रदूषण हो,' प्रतिवेदनमा भनिएको छ ।

मृत्यु र अपांगताको प्रमुख कारण नै वायु प्रदूषण बनेको औंल्याइएको छ । वातावरण सुधारका लागि विभिन्न क्षेत्रहरूमा समन्वयात्मक नीति र लगानी आवश्यक रहेको विश्व बैंकले सुझाव दिएको छ । नेपाल र इन्डो-ग्यांगेटिक प्लेन तथा हिमालयन फुटहिल्सको वायु प्रदूषणको आधारभूत अध्ययन प्रतिवेदनमा प्रस्तुत गरिएको छ ।

नेपालका दुई प्रमुख प्रदूषण केन्द्र मानिएको काठमाडौं उपत्यका र तराई क्षेत्रको वायु गुणस्तरमा विगतका दशकदेखि खासै सुधार नदेखिएको प्रतिवेदनमा उल्लेख छ । 'वायु प्रदूषणले श्रम उत्पादकत्व, पर्यटन र उड्डयन क्षेत्रमा पनि नकारात्मक असर पुऱ्याएको छ,' प्रतिवेदनमा भनिएको छ, 'खराब वायु गुणस्तरको आर्थिक मूल्य नेपालका कुल गार्हस्थ उत्पादनको ६ प्रतिशतभन्दा बढी छ ।'

प्रतिवेदन सार्वजनिक गर्ने क्रममा वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले सफा हावा र आर्थिक वृद्धि एक-अर्काका विरोधी नभएको धारणा राखे । 'प्रदूषण नियन्त्रणमा आजै कठोर कदम चालिएन भने यसको मूल्य भविष्यमा धेरै ठूलो हुनेछ,' उनले भने, 'सरकार सवारी साधन विद्युतीकरणदेखि औद्योगिक उत्सर्जन मापदण्ड कडा बनाउनेसम्मका पहलमा प्रतिबद्ध छ ।'

विश्व बैंकका माल्दिभ्स, नेपाल र श्रीलंकाका लागि कन्ट्रि डिभिजन डाइरेक्टर डेभिड सिसलेनले नेपालको वायु गुणस्तर सुधार कार्यक्रमलाई सशक्त बनाउन वित्तीय, प्राविधिक र क्षमता अभिवृद्धि सहायता प्रदान गरिरहेको जानकारी दिए ।

# काँकरभिट्टाबाट बरामद ३०० केजी माछा नष्ट

झापा(प्रस)। झापाको मेचीनगर नगरपालिका-५ नकलबन्दाबाट तीन सय केजी भारतीय माछा प्रहरीले नियन्त्रणमा लिएर नष्ट गरेको छ । मंगलवार बिहान ९ बजे प्रहरी चौकी नकलबन्दाबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ अवैध रुपमा लुकाई छिपाई ल्याउँदै गरेको तीन सय केजी माछा खाल्डो खनेर पुरेको हो । उक्त ३०० केजी माछाको मूल्य



एक लाख २० हजार बराबर रहेको प्रहरीले जनाएको छ । पशु क्वारेन्टाईन काँकरभिट्टाबाट आएका प्रतिनिधिको रोहबरमा इलाका प्रहरी कार्यालय काँकरभिट्टा परिसरमा खाल्डो खनेर माछा नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्कः**
**फोनः ०२३-५४०४७८**
**मोः ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।